

वर्ष १२ अंक २ कात्तिक-माघ २०६२

सल्लाहकार
डा. अर्जुन कार्की
डा. ऋषि अधिकारी

सम्पादन
डा. नीरजनारायण जोशी
प्रेमकला नेम्बाङ्ग
धनबहादुर ऐर
बालकृष्ण चौधरी
कुलचन्द्र दाहाल

आवरण तथा ले-आउट
ग्राफिक वर्कशप
४२४२०७२, बागबजार

प्रकाशक
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था**
पो.ब.नं. ८१३०,
लाजिम्पाट, काठमाडौं, नेपाल
फोन नं. ४४१५४१८
फ्याक्सः ४४१८२९६
इमेलः rrn@rrn .org .np
वेबसाइटः www.rrn .org .np

# यस अंकमा

२ **विकास निर्माण कार्यमा महिला सहभागिता र यसको आवश्यकता**
– विकास चौधरी

५ **रुप फेरियो माडिचौरको**
– मदन आचार्य

६ **आरआरएन तिमी**
भरत कार्की

७ **सहभागीमूलक विकास र नेपाल ग्रामीण पुनर्निर्माण संस्था**
– रुपलाल एडी

९ **सिराहा जिल्ला र नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
– वसन्तलक्ष्मी उदास

१२ **खानेपानीको लागि चापाकलको सदुपयोग**
– मोतिराम गौली

१३ **हेल्थपोष्ट भवन शेर्पागाउँमा, खुसीले सबै फुरुङ्ग**
– उमेश भारती

१४ **वर्तमान अवस्थामा मानवअधिकार सवाल**
– भानु पराजुली

१८ **आर्थिक अवस्थामा परिवर्तन**
– सलबहादुर पाण्डे

१९ **बाख्रा पाल्नेले अब बंगुर पनि पाल्ने भए**
– सन्देश राजभण्डारी

२० **खोटाङमा खानेपानी योजना**
– पित्तबहादुर जिरेल

२१ **गतिविधि**

# द्वन्द्व निरुपणमा सहभागीमूलक विकास पद्धतिको भूमिका

विश्व आधुनिकीकरणको दिशातिर लम्किसक्दा पनि नेपाल अशिक्षा, अन्धविश्वास, गरिबी र अमान्य सामाजिक संस्कारहरूबाट पछि हट्न सकेको छैन । भौगोलिक विकटता, द्वन्द्व र राजनैतिक अस्थिरताको प्रतिकूल असरहरूले गर्दा यहाँका मानिसहरूको सामाजिक, आर्थिक, राजनैतिक जीवनमा उल्लेखनीय सुधार हुन सकेको छैन । देशको आर्थिक वृद्धि र विकासमा गिरावट आइरहेको छ । यसको मुख्य कारण विद्यमान द्वन्द्व एवं राजनैतिक अस्थिरताको परिणाम नै मान्न सकिन्छ । योजनाबद्ध विकास प्रयासको क्रममा मुलुकमा लगातार नौवटा राष्ट्रिय योजनाहरू कार्यान्वयन भइसकेका छन् । विद्यमान दशौं योजनाले सहस्राब्दी विकासमा केन्द्रीत रहेर नेपाल र नेपालीको आकांक्षालाई योजनामा प्रतिविम्बित गर्दै सुसंस्कृत, प्रतिस्पर्धी समृद्धशाली र समतामूलक नेपाली समाजको विकास गर्ने अवधारणालाई अगाडि बढाएको छ । यस्को साथसाथै देशको स्थिति सुधार गर्न खातिर प्राप्त भएको विदेशी सहयोग तथा अनुदान विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूको माध्यमबाट दुर्गम क्षेत्रहरूमा विभिन्न विकासका कार्यक्रमहरू कार्यान्वयन भइरहेको छ ।

देशमा यतिका विकास योजनाहरूबाट नेपालको आर्थिक, सामाजिक रुपान्तरणको प्रक्रियामा अर्थपूर्ण प्रयास भएतापनि मुलुक द्वन्द्व, गरिबी र पछौटेपन जस्ता गम्भीर समस्यामा फसिरहेको कुरा सबैको सामु छर्लङ्ग छ । सीमित आर्थिक एवं सामाजिक संरचना तथा स्रोत र साधनको उपलब्धताले हाम्रो योजनाबद्ध विकासको प्रक्रियालाई अझै चुनौतीपूर्ण बनाएको छ । यस्तो हुनमा कस्को दोष ? कस्ले समाधान गर्ने र कसरी गर्ने ? भन्ने कुरा सबै नेपाली जनताहरूको लागि एउटा गम्भिर प्रश्न चिन्हको रुपमा खडा भएको छ । तर, एकले अर्कालाई दोषारोपण गरेर मात्र समस्या समाधान हुन सक्दैन भन्ने कुराको पनि हामीलाई अनुभव भएकै कुरा हो ।

यी माथि उल्लेखित समस्याहरूको समाधानको सही उपाय खोज्ने जिम्मा सबै नेपालीहरूको काँधमा आएको छ । तसर्थ सरकारी, स्थानीय निकाय, निजी एवं गैरसरकारी क्षेत्रहरू, राजनैतिक पार्टीहरू, नागरिक समाज आदि सबैले देश र जनताको विकास प्रक्रियामा हिस्सेदार भई द्वन्द्व रुपान्तरणमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने आजको नितान्त आवश्यकता हो । हाम्रो समाजमा आधा भाग ओगटेको महिला वर्ग, विकासका दृष्टिकोणबाट पिछाडि पारिएका क्षेत्र एवं वर्ग, जनजाति, दलित आदिलाई केन्द्रीकृत गरी विभिन्न विकास कार्यक्रमहरू सहभागीमूलक तरिकाबाट विशेष गरी देशको ग्रामीण एवं दुर्गम क्षेत्रहरूमा संचालन गर्नुपर्ने देखिन्छ । विकास योजना तथा कार्यान्वयन जनमुखी र समुदायको अगुवाईमा हुनु नितान्त जरुरी देखिन्छ । सरकारी तथा गैरसरकारी संस्थाहरूले विकासका अभिनेताहरू जनता र समुदाय हुन् भन्ने कुरालाई आत्मानुभूति गरी कार्यक्रमहरू कार्यान्वयन गरेमा देश विकासको लक्षमा पुग्न सकिने प्रबल सम्भावना छ । तसर्थ हाम्रो जस्तो मुलुकको समष्टिगत विकासको प्रक्रियामा समाजका सबै क्षेत्र, वर्ग र समुदायको सक्रिय सहभागिता र पहुंच हुन सके मात्र समतामूलक एवं समृद्ध नेपाली समाजको निर्माण र सर्वाङ्गिण विकास हुन सक्छ भन्ने कुरामा दुईमत हुन सक्दैन ।

अन्त्यमा, आरआरएनद्वारा प्रकाशित यो नियमित प्रकाशन यस संस्थाको कार्यक्रमसंग सम्बन्धित लेखहरू र गतिविधिहरू समेट्दै सदा झैं तपाईहरूको सामु आएका छौं ।

**धन्यवाद**

# विकास निर्माण कार्यमा महिला सहभागिता र यसको आवश्यकता

**विकास चौधरी**
**सहायक सामाजिक परिचालन अधिकृत, आरआरएन, दाङ**



नेपाल आर्थिक, शैक्षिक, राजनैतिक, सामाजिक आदि रुपबाट पिछडिएको देश हो । देशको भूबनोट एकनासको नभएर होचो-अग्लो, तराई-पहाड र हिमालमा विभाजित भएको छ। विश्वको दोश्रो जलश्रोतको धनी देश भनेर नेपाललाई चिनिएता पनि यहाँ कुनै सामुद्रिक श्रोत छैन। विकसित देशहरूले भने विज्ञान र प्रविधिको विकास गरी प्रकृति माथि विजय हासिल गर्नुका साथै विश्व ब्रमाण्डलाई नै चुनौती दिइसकेको छ। तर, यो एक्काइसौं शताब्दीको आधुनिक प्राविधिक युगमा पाइला टेकिसक्दा पनि

नेपाल विकास क्षेत्रमा पछि परिरहेको छ ।

यस्तो हुनुमा देशको भौगोलिक बनावट पनि एक हो भन्ने कुरा कतिपय विज्ञहरूको भनाई रहेतापनि मुख्य विकास निर्माण कार्यमा बाधा पुऱ्याउने कारणहरू हाल देशमा चलिरहेको द्वन्द्व, शासनमा अस्थिरता, भ्रष्टाचार, पारदर्शिताको अभाव, न्यायपूर्ण शासन पद्धतिको अभाव आदि हुन् ।

नेपालको महिला विकासको गतिलाई हेर्ने हो भने, यहांका महिलाहरू राणा शासन कालको १०४ वर्षसम्म शोषण, अशिक्षा र असमानताहरूबाट ग्रसित थिए । २००७ सालको जनआन्दोलन पश्चात नेपालको "अन्तरिम संविधान २००७" ले महिलाहरूलाई पनि समान अधिकार प्रदान गऱ्यो । यसबाट महिलाहरूको अधिकारका बारेमा केही प्रावधानहरूको व्यवस्था गरी थोरै भएपनि महिलाहरूले अधिकार प्राप्त गर्न सफल भएको देखिन्छ ।

**२००७ सालको जनआन्दोलन पश्चात नेपालको "अन्तरिम संविधान २००७" ले महिलाहरूलाई पनि समान अधिकार प्रदान गऱ्यो । यसबाट महिलाहरूको अधिकारका बारेमा केही प्रावधानहरूको व्यवस्था गरी थोरै भएपनि महिलाहरूले अधिकार प्राप्त गर्न सफल भएको देखिन्छ ।**

२०४६ सालमा प्रजातन्त्रको पुनर्बहाली पछि सरकारी तथा गैरसरकारी संस्थाहरूको माध्यमबाट विकास निर्माणमा व्यापक जनसहभागिता जुटाउने भन्ने नाराहरूका साथ विकास कार्यक्रमहरू अगाडि बढाएको पाइन्छ । यसरी विकास कार्यक्रमहरू संचालन गर्दै आएता पनि केही सीमित महिलाहरू बाहेक अधिकांश महिलाहरू चुला, घाँस, दाउरा, पानी र बालबालिकाको स्याहार सुसारमा अल्झिएका छन् । चाहे शहरमा होस् वा गाउँमा, उनीहरू संघर्षमय जीवन र जटिल परिस्थितिमा गुज्रिएका छन् । समाजमा महिलाहरूलाई देशको दोश्रो दर्जाको नागरिकको रुपमा हेरिने चलन पनि यथावत् छ । यस्तो अवस्थामा विकास निर्माणमा महिलाको सहभागिता भन्नु 'आकाशको फल आँखा तरि मर' भन्ने उखान झैं चरितार्थ भएको छ ।

यस्तै आवधिक योजनाहरूको कुरा गर्ने हो भने, देशको पाँचवटा आवधिक योजनाहरूमा महिला सहभागिता बारे उल्लेख गरिएको थिएन । छैटौं पञ्चवर्षीय योजना देखि मात्र देशको सर्वाङ्गीण विकास– आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक, सांस्कृतिक तथा अन्य सबै पक्षको विकासमा महिलाको सहभागिताको अभाव महसुस गरी महिला विकास नीतिलाई राष्ट्रिय नीतिको रुपमा समावेश गरेको पाइन्छ । त्यस्तै गरी सातौं योजनामा महिलाहरूको चौतर्फी विकासको लागि उनीहरूको सामाजिक तथा आर्थिक स्तरमा सुधार ल्याउन शिक्षा, स्वास्थ्य, कृषि क्षेत्रमा महिलालाई सहुलियत दिने, रोजगारीका अवसर बढाउने आदि नीतिहरू उल्लेख गरिएको पाइन्छ ।

आठौं योजनामा पनि विकासमा महिला राष्ट्रिय नीतिको रुपमा उल्लेख गरी महिलाहरूलाई विकासको मूल प्रवाहमा सहभागी गराउने, विकासको प्रत्येक क्षेत्रमा संलग्नता वृद्धि गर्ने, उनीहरूलाई उपयुक्त ज्ञान, सीप दक्षतामा वृद्धि गर्ने, उत्पादनशील रोजगारीको अवसरहरू प्रदान गर्ने आदि उद्देश्यहरू राखिएको पाइन्छ । नवौं

योजनामा लैंगिक समानता तथा महिला सशक्तिकरणको माध्यमबाट महिलालाई विकासको मूल प्रवाहमा समाहित गर्ने भन्ने मुख्य उद्देश्य थियो । हाल लागू भइरहेका दशौं योजनाले दिगो आर्थिक वृद्धि र गरिबी निवारणको लक्ष्य हासिल गर्न महिला विरुद्धका सबै भेदभावहरू उन्मूलन गर्दै महिला विकासको परिसूचकमा अभिवृद्धि गरी महिला अधिकारको आधारमा समानता, समतामूलक समाज निर्माण गर्ने मुख्य उद्देश्य रहेको छ ।

यतिका विकास प्रक्रियाहरूमा महिलाहरूको विषयलाई महत्व दिएतापनि, जहाँ महिलाहरू सामाजिक, आर्थिक, राजनैतिक तथा अन्य रुपबाट पुरुषहरूको थिचोमिचोमा शोषण दमनमा परेका छन्, तिनीहरू विकास निर्माण कार्यमा अगाडि बढ्न पाएका छैनन् । महिला सहभागिताको नाममा अधिकांश योजनाहरू, उपभोक्ता समितिहरू, समूहहरूमा महिलाहरूलाई पदाधिकारी राखिन्छ तर उनीहरूलाई नेतृत्व पद र निर्णय कार्यमा जिम्मेवारी दिएको पााईदैन । त्यो सहभागिताको रुपमा मात्र सिमित रहेको हुन्छ । यस्तो सहभागितालाई महिला सहभागिता भनेर भन्न सकिदैन ।

राजनैतिक नियुक्तिहरूमा होस वा विकास निर्माणको उपभोक्ता समितिहरूमा महिला सहभागिताको रुपमा महिला सदस्य मात्र राख्ने परिपाटी रहेको छ । जबसम्म नीति तथा विकास निर्माण कार्यमा महिला र पुरुषको समान सहभागिता हुँदैन, तबसम्म देशमा दिगो विकासको अभाव रहिरहने छ । तसर्थ, योजनाको दिगोपना र पारदर्शिताको लागि समेत विकास निर्माण प्रक्रियामा महिला सहभागिताको अति आवस्यकता देखिएको छ । आजभोली धेरै जसो विकास कार्यमा संलग्न सरकारी तथा गैर सरकारी संस्थाहरूले महिलाहरूलाई पनि पुरुष समान अधिकारहरू दिई उनीहरूलाई विकास निर्माण प्रक्रियामा व्यापक सहभागी गराउनु पर्छ भन्ने उद्देश्य लिएको पाइन्छ । यो उद्देश्य प्राप्तिको लागि सैद्धान्तिक रुपमा उनीहरूलाई विकास निर्माण कार्यमा अगाडि लगाएर, उपभोक्ता समितिमा बढी सहभागी गराएर, सबै योजना क्षेत्रहरूमा निर्णय गर्ने अधिकार महिलाहरूलाई दिइनुपर्छ ।

विकास निर्माणमा महिलाहरूको परिमाणात्मक रुपमा धैरै सहभागी हुँदैमा त्यहां महिला सहभागिता भयो भनेर गर्व गर्ने हाम्रो धारणा रहेको छ, तर हामीले गुणात्मक महिला सहभागितामा जोड दिनुपर्छ । महिलाहरूलाई विकास र नीति निर्माण प्रकृयामा उदाहरणीय खालको भूमिका निर्वाह गर्न सक्ने उत्प्रेरणा दिन सकियो भने भोलि अवश्य पनि समाजका सबै क्रियाकलापहरूमा उनीहरूको पहुंच पुग्नेछ । परिणाम स्वरुप उनीहरूले समाजमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछन् । यी कुराहरूलाई ध्यानमा राखी विकास प्रक्रियालाई अगाडि बढाइयो भने मात्र विकास निर्माणमा लैङ्गिक समानता ल्याई देशको विकास गर्न सकिन्छ ।

**महिलाहरूलाई विकास र नीति निर्माण प्रकृयामा उदाहरणीय खालको भूमिका निर्वाह गर्न सक्ने उत्प्रेरणा दिन सकियो भने भोलि अवश्य पनि समाजका सबै क्रियाकलापहरूमा उनीहरूको पहुँच पुग्नेछ ।**

# रुप फेरियो माडीचौरको

**मदन आचार्य**
**जिल्ला संयोजक, आरआरएन, रोल्पा**

Ms. Natisara Budha ,35 of Kotgaun VDC -1 Madichaur very busy putting manure in her commercial vegetable garden.



रोल्पा जिल्लाको राम्रो कृषि योग्य जमिन मानिने माडीचौरको फाँट पञ्चायत कालमा सदरमुकामको लागि नछानिएको होइन, सदरमुकाम चाहिँ बन्न सकेन तर २०४५ सालमा जिल्ला सिंचाइ कार्यालयबाट लाखौंको योजनामा सिंचाइ कुलो निर्माण कार्य सम्पन्न गरिएको थियो । प्राविधिक त्रुटिका कारण कुलो एक वर्ष मात्र जबरजस्ती संचालन भयो । कारण थियो कुलोको भौतिक (सतह) योजना अनुरुप नहुनु ।

कुलोको सतह लगभग बराबर भएका कारण पानीले ढाडिएर ठाउँ ठाउँमा पहिरो जाने हुँदा धेरै प्रयास गर्दा पनि पानी संचालन गर्न नसकिएपछि गाउँलेहरूले त्यतिकै माया मारे । पाँच-छ वर्ष अगाडि भू-स्खलन भएर ४० मिटर कुलोको लम्बाई पूरै माडीखोलामा खसेको र लगभग १५० मिटर कुलोका भाग पहिलेको अवस्थाबाट १० देखि २० से.मी. सम्म दबेको थियो । कुलोको सतह धेरै नमिलेको हुँदा अन्य ठाउँहरूमा पानी चुहिने ढाडिने समस्या त ज्यू का त्यू थियो । त्यति राम्रो उर्वरा भूमिमा सिंचाइ सुविधा उपलब्ध नहुँदा उपभोक्ताहरू पीडित त थिए नै, उक्त बाटो हिड्ने जो कोहीलाई पनि त्यही कुलो निर्माण गरे जनतालाई राहत हुने थियो भन्ने लाग्दथ्यो ।

एक वर्ष पहिले नागरिक समाजका प्रवुद्ध व्यक्तिहरू, स्थानीय राजनैतिक पार्टी प्रतिनिधिहरूले आरआरएनलाई उक्त कुलो निर्माण गर्न अनुरोध गरेपछि हाम्रो प्राविधिक टोलीले सो योजनालाई विस्तृत अध्ययन गरि योजना लागत तयार गर्‍यो,

तैपनि प्राविधिक चुनौती अत्यधिक थियो ।

गाउँलेहरूको कुलो निर्माणको लागि सुझाव अर्कै थियो भने प्राविधिक दृष्किोणबाट हामीले आफ्नै प्रतिवेदन तयार गरेका थियौ । व्यापक छलफल पछि आफ्नो प्रतिवेदन बुझाउन हामी सक्षम भयौं र योजना शुरु भयो । मुहानदेखि नै हामीले सतह मिलाउँदै आयौं निर्माणको क्रममा सतह मिलाउँदा १.५ मीटरसम्म पहिले रहेको कुलोको भाग पुरिएको छ भने ५ मीटर अग्लो ढुंगाको गारो लगाइएको छ । पहिरो गएको ठाउँमा ३५ मिटरको आर.सी.सी. डुंड निर्माण सम्पन्न भएको छ । अस्थिर जमिनको सतह भएको ठाउँमा खम्बाको लागि दुई मिटर गहिरो जग खनिएको छ । भासिएको धेरै भू-भागलाई भौतिक व्यवस्थापन गर्दै निर्माण सम्पन्न गऱ्यौं, जसमा उपभोक्ताहरूले ५५ दिनसम्म लगातार जनश्रमदान गरेका थिए ।

अहिले माडीचौरमा गडगडाहट कुलो चलिरहेको छ । विगत पन्ध्र वर्षदेखि मलिन रहेको कोटगाउँ माडीचौरका बासिन्दाहरूको मुहारमा आज व्यापक खुसी छाएको छ । यस्तोखालको चुनौतीपूर्ण कार्य सम्पन्न गरेकोमा हामी सबै सन्तुष्ट भएका छौं । रोल्पा जिल्लाको सदरमुकाम लिवाङमा आपूर्ति हुने तरकारी लगभग आधाजसो भाग माडीचौरबाट हुने गर्दछ । जनताको व्यापक सहभागिता र सहयोगमा सम्पन्न भएको उक्त कुलोबाट अहिले धमाधम सिंचाइ भइरहेको छ भने भविष्यमा कुलोको मर्मत सम्भारको लागि उपभोक्ताहरूले प्रति महिना प्रति घरधुरीले १० रुपैयाँका दरले रकम जम्मा गर्न थालिसकेका छन् ।

उपभोक्ताहरूले निःशुल्क जनश्रम उपलब्ध नगराएको भए सम्पन्न हुन असम्भव उक्त कुलो निर्माण सम्पन्न भैसकेपछि समितिका अध्यक्ष कृष्ण घर्ति भन्नु हुन्छ, "हामीले यो कुलो सम्पन्न गर्न सक्छौ कि सक्दैनौ भनेर एक अन्योलको स्थितिमा थियौं तर आरआरएनको निरन्तर सहयोगबाट आफ्नो प्राविधिकलाई गाउँमै तीन महिनासम्म राखेर काम गराएपछि हामीलाई विश्वास लागेको हो ।" ✍

कविता

# आरआरएन तिमी !

- भरत कार्की
लेखापाल, आरआरएन, बाँके

आरआरएन तिमी हरियो छौ
र तिमी बलियो पनि छौ,

तिमीले ल्याएको कार्यक्रमहरूले
छाहारी पाए देशका ग्रामीण जनताहरूले
पिछडिएका र निमुखा वर्गहरूको लागि
ग्रामीण क्षेत्रहरूमा छाडेनौ विकासका काम बांकी
राखी आफूलाई स्वयं थाती,

तिम्रो सहयोग पाए देखि ग्रामीण जनता भए महान
त्यसैले त आरआरएन तिम्रो भएको छ जय जयकार र सम्मान
भौतिक र सामाजिक पूर्वाधार मात्रै होईन
तिमीले छाडेका छौ स्वतन्त्रता र स्वावलम्बनको बाटो
तिमीले देखाएको बाटो हिड्दा को हुन्छर लाटो,

पूर्व र पश्चिम तिमी आरआरएन विकासको जोड्ने तार
जहांतही विकास छर्ने तिमी लगातार ।

# सहभागीमूलक विकास र नेपाल ग्रामीण पुनर्निर्माण संस्था

रुपलाल ऐडी
अनुगमन अधिकृत, नेपालगञ्ज, बांके



विकासलाई सहभागीमूलक तरिकाबाट संचालन गरी त्यसलाई निर्देशित लक्ष्यमा पुऱ्याउनका लागि विभिन्न प्रकृयागत समायोजनको आवश्यकता पूरा गर्नु पर्दछ । विकास केवल लगानीमा मात्र सम्बन्धित नभई, समाजका सबै वर्ग, व्यक्ति, समुदायहरू विकास प्रकृयाबाट लाभान्वित हुन सकेका छन् कि छैनन् भन्ने आधारमा विकास योजनाहरू कार्यान्वयन हुनुपर्दछ ।

विकास योजनाहरूको शुक्ष्म ढंगले अनुगमन मूल्याङ्कन गरिनु पर्दछ । योजना तर्जुमादेखि कार्यान्वयन र हस्तान्तरणसम्म सबै तह र तप्काबाट सक्रिय सहभागिता हुनुपर्दछ । विकास योजनाहरू कार्यान्वयन भएको सन्दर्भमा हाम्रो जस्तो भौगौलिक विविधता, जटिल सामाजिक र सांस्कृतिक अवस्था, अस्थिर राजनैतिक परिपाटी र ग्रामीण गरिब, अशिक्षित वर्गहरूको बाहुल्यता भएको मुलुकमा हामी अगुवा विकासे कार्यकर्ताहरूले (Frontline Development Workers) साँच्चीकै विकासको पहुँचबाट अलग्गिएर रहेका र विकासको अधिकारबाट बञ्चित समुदाय वर्गको हितमा कार्यक्रम पुऱ्याउनु नितान्त आवश्यक छ ।

ग्रामीण समाजको पुनर्निर्माण र गरिब, विपन्न वर्गहरूको विकास अधिकार प्राप्तिमा योगदान पुऱ्याउने उद्देश्यले नेपाल ग्रामीण पुनर्निर्माण संस्था आरआरएनले डिएफआईडीको

आर्थिक सहयोगमा ग्रामीण समुदाय पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम मार्फत विगत अक्टोवर २००४ देखि देशका १६ वटा जिल्लाहरू– कंचनपुर, बर्दिया, बाँके, दाङ्ग, सल्यान, रोल्पा, सिराहा, सप्तरी, सुनसरी, मोरङ्ग, झापा, इलाम, संखुवासभा, भोजपुर, खोटाङ्ग, सोलुखुम्बुमा आफ्नो क्षेत्रीय तथा जिल्ला परियोजना कार्यालयहरू मार्फत विकास योजनाहरू संचालन गर्दै आएको छ ।

यसैक्रममा आफ्नो प्रारम्भमा केही सीमित कोठा, शिक्षक र विद्यार्थीबाट शुरुआत गरेको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको लागि आरआरएनको प्राविधिक तथा आर्थिक सहयोग र विद्यालय व्यवस्थापन समितिको सक्रिय नेतृत्व र आम समुदायको प्रभावकारी सक्रिय सहभागितामा तीन कोठे भवन निर्माण सम्पन्न भयो । उक्त भवन २०६२ पौष १३ मा विद्यालयको २९ औं वार्षिकोत्सवको अवसरमा उद्घाटन, सार्वजनिक लेखा परीक्षण र हस्तान्तरण कार्यक्रम सम्पन्न भयो । सो विद्यालयको उद्घाटन वयोवृद्ध १०१ वर्षे अभिभावकले गरेका थिए ।

सो अवसरमा भवन निर्माणमा सहयोग पुऱ्याएकोमा विद्यालयका विद्यार्थीहरू र अभिभावकहरूलाई धन्यवाद दिनुका साथै विशेष आर्थिक सहयोग गर्ने महानुभावहरूलाई कदरपत्रका साथ सम्मान गरिएको थियो । विद्यालयका क्रमश प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने र विद्यालयकै सर्वोकृष्ट विद्यार्थीलाई पुरस्कृत समेत गरिएको थियो ।

सोही अवसरमा आदर्श मा. वि. व्यवस्थापन समितिका अध्यक्ष श्री पदम बहादुर थापा भन्नुहुन्छ, "व्यवस्थापन समिति र शिक्षकहरूबीच एकदमै नजीकको मेलमिलाप हुनु आवश्यक छ । उनीहरूको सम्बन्ध एक आपसमा नङ र मासु जस्तो हुनुपर्दछ । यस विद्यालयको प्रगतिबाट अन्य स्कूलहरूलाई उत्प्रेरणा मिलेको छ । सो विद्यालयले अरु विद्यालयलाई महत्वपूर्ण पाठ सिकाउन सफल भएको छ ।"

अभिभावकहरू श्री श्यामकृष्ण श्रेष्ठ, नेपाल राष्ट्रिय शिक्षक संगठनका श्री राजेन्द्र सापकोटा आदि व्यक्तित्वहरूले पनि विद्यालयको प्रगतिको सराहना गर्दै आरआरएनले साँच्चै जनमुखी विकासमा जोड दिएको छ र सो प्रक्रियालाई अझ व्यापक बनाउनु पर्दछ भन्ने विचार व्यक्त गरेका थिए ।

वास्तवमा नेपालको विकास असफल हुनुमा विकास प्रक्रियामा वास्तविक जनताको सहभागिता हुन नसक्नु नै हो । विकासलाई

**विकासलाई अरुले गरिदिने वस्तुका रुपमा लिने परिपाटी र केन्द्रीय योजना मार्फत कार्यक्रमहरू संचालन गरिने परिपाटीले विकास योजनाहरू असफल भएको प्रमाणहरू अहिले पनि हाम्रा गाउँघरमा ताजा हेर्न सकिन्छ ।**

अरुले गरिदिने वस्तुका रूपमा लिने परिपाटी र केन्द्रीय योजना मार्फत कार्यक्रमहरू संचालन गरिने परिपाटीले विकास योजनाहरू असफल भएको प्रमाणहरू अहिले पनि हाम्रा गाउँघरमा ताजा हेर्न सकिन्छ । त्यसकारणले विकासका प्रत्येक चरणमा जनताको सशक्त सहभागिताले उनीहरूको सही आवश्यकता पहिचान, उचित कार्यान्वयन र प्रयाप्त अनुगमन र मूल्याकंन हुन सक्छ भन्ने आरआरएनको बुझाई भएको कारणले विकास योजना कार्यान्वयनमा यो उत्साह आएको देखिन्छ । विकास योजना जनमुखी र समुदायको अगुवाईमा हुनु नितान्त जरुरी छ । सायद यसैको प्रमाणका रुपमा धौलागिरी प्रा.वि. नमुना भएको छ ।

# सिराहा जिल्ला र नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)

**बसन्त लक्ष्मी उदास**
**जिल्ला संयोजक, आरआरएन, सिराहा**

नेपालको पूर्वी भागको दक्षिणी सिमानामा रहेको सिराहा जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलमा पर्दछ । सगरमाथा अञ्चलको सबैभन्दा कम क्षेत्रफल भएको यस जिल्लाको क्षेत्रफल १,२२८ वर्ग कि.मी. रहेको छ भने जिल्लामा २ वटा नगरपालिका तथा १०६ वटा गाविसहरू र ५ निर्वाचन क्षेत्रहरू रहेका छन् । यस जिल्लाको जम्मा घरधुरी संख्या-८३,७१६ र जनसंख्या ५,२५,८४० रहेको छ । जसमा महिला २,५२,६१४ पुरुष २,७३,२२६ रहेको छ ।

**यस जिल्लामा सबभन्दा धेरै तराई जनजाति त्यसपश्चात दलितहरूको बसोबास छ भने ब्राम्हण र क्षेत्रीहरू कम मात्रामा रहेका छन् । यहाँको मुख्य पेशा कृषि हो ।**

यस जिल्लामा सबभन्दा धेरै तराई जनजाति त्यसपश्चात दलितहरूको बसोबास छ भने ब्राम्हण र क्षेत्रीहरू कम मात्रामा रहेका छन् । यहाँको मुख्य पेशा कृषि हो । यद्यपि फलफूल खेती, तरकारी खेती, माछापालन पनि गर्ने गरेको पाइन्छ । फलफूलमा आँप प्रशस्त उत्पादन हुन्छ । यस जिल्लामा ६५,८१० हेक्टर जमिन रहेको छ । यस जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर २.०३ प्रतिशत छ ।

राजनैतिक सिमानाको रूपमा पूर्वमा वलान नदी सप्तरी जिल्ला, पश्चिममा कमला नदी धनुषा जिल्ला, उत्तरमा चुरे पहाड उदयपुर जिल्ला र दक्षिणमा भारतको विहार राज्यको मधुवनी जिल्ला रहेको छ । यो सिराहा जिल्ला भौगोलिक दृष्टिबाट ८६.०६ डिग्री देखि ८६.२६ डिग्री पूर्वी देशान्तरकोबीचमा र २६.३३ डिग्री देखि २६.५५ डिग्री उत्तरी अक्षांशको बीचमा पर्दछ । समुद्री सतहबाट ७६ मीटर देखि ८८५ मीटर उचाईमा रहेको यो जिल्लाको भौगोलिक बनौट उत्तरतिर बढी उचाई र दक्षिणतिर कम उचाई भई ढल्केको छ । भू-बनौट अनुसार दक्षिण तराईको समथर भू-भाग, मध्य भागको भावर प्रदेश र उत्तरमा चुरे रहेको यो जिल्ला उत्तर दक्षिण फैलिएको र पूर्व पश्चिम कम चौडाई रहेको छ ।

यस जिल्लाको अधिकतम तापक्रम ४० डिग्री सेन्टीग्रेड र न्यूनतम तापक्रम २० डिग्री सेन्टीग्रेडसम्म रहने गर्दछ । चैत्र महिनादेखि असार र हिउँदको मंसिर महिनादेखि फागुन महिनासम्म सुख्खा रहने यस जिल्लामा वार्षिक वर्षा औसत १,४७६ मी. लि. देखि १,५५९ मी. लि. सम्म हुने गर्दछ ।

यहाँको प्रमुख नदीहरूमा कमला, घुर्मी, मैनावती, गागन, खुट्टी, भेडवा, वलान आदि पर्दछन् । यस जिल्लामा पाइने पशुपंक्षीहरूमा चितुवा, बँदेल, स्याल, दुम्सी, बाँदर, ब्वाँसो, हुँडार, चित्तल आदि छन् भने प्रमुख धार्मिक स्थलहरूमा धर्मराज सल्हेस फूलबारी, ब्रम्हा

फूलबारी, पकडीयागढ आदि रहेका छन् । यहाँको मुख्य पर्वहरूमा छठ, दशैं, दिपावली, इद आदि पर्दछन् ।

यस जिल्लामा आँप खेती प्रशस्त भएकोले जुस कारखाना खोल्न सकिने सम्भावना देखिन्छ । जमिन प्रशस्त भएकोले तरकारी खेती, अन्य नगदे बाली र फलफूलको नर्सरी गर्न सकिने देखिएको छ । यहाँ धान मिल, ईटा उद्योग, दालमोट र भुजिया फ्याक्ट्री, साबुन फ्याक्ट्री आदि विभिन्न किसिमका उद्योग धन्दाहरू खोल्न सकिने प्रशस्त अवसरहरू देखिएकोछ । यस जिल्लामा खेतीयोग्य जमिन प्रशस्त मात्रामा भएपनि सिंचाई चुनौतीको रुपमा रहिआएको छ । यहाँ आकाशे पानीको भरमा बढी खेती गरिने गरेको पाईएको छ ।

यहाँ छुवाछुत र गरिब र धनीबीचको खाल्डो समाजको अवशेषको रुपमा रहेको छ भने शिक्षा, स्वास्थ्य, बाटो, खानेपानी, सरसफाइ र सौचालयको व्यवस्था पनि विकराल चुनौतीको रुपमा देखिएको छ । उत्पादन प्रशस्त भएर पनि सही ठाउंमा त्यसको सही वितरण हुन नसक्नु, सामुदायिक वन र राष्ट्रिय वनको कमी र त्यसतर्फ ध्यान कम हुनाले भविष्यमा आई पर्ने आर्थिक तथा प्राकृतिक समस्याहरू देखिएको छ ।

यस सिराहा जिल्लाको अध्ययन गर्दा गरिबी, जातिय विभेद, शिक्षाको कमी, परम्परागत रुढिवादी, महिलाहरूप्रति गरिने दुर्व्यवहार तथा चेतनाको कमी आदि तड्कारो समस्याको रुपमा रहेको पाईएको छ ।

## सिराहा जिल्लामा आरआरएनद्वारा संचालित कार्यक्रमहरू

### १. सामुदायिक भूमिगत सिंचाई सेक्टर आयोजना कार्यक्रम (CGISP)

श्री ५ को सरकारले वि. सं. २०५४/५५ देखि २० वर्षे दीर्घकालीन कृषि योजना लागू गरेको छ । सामुदायिक भूमिगत जल सिंचाइ सेक्टर आयोजना सोही दीर्घकालीन कृषि योजना अन्तर्गत नै तर्जुमा गरिएको हो । यस आयोजना आर्थिक वर्ष २०५५ र २०५६ देखि ७ वर्ष भित्र सम्पन्न गर्ने गरी लागू गरिएको छ । आयोजनाले स्यालोट्यूववेलको माध्यमबाट सिंचाइ व्यवस्थालाई सुदृढ तुल्याउँदै कृषि उत्पादनमा वृद्धि गर्ने उद्देश्य राखेको छ ।

यसका लागि ट्यूववेल जडान र बिउ विजन तथा मलखाँदको लागि आवस्यक ऋण किसानहरूलाई उपलव्ध गराईने र

**यहाँ छुवाछुत र गरिब र धनीबीचको खाल्डो समाजको अवशेषको रुपमा रहेको छ भने शिक्षा, स्वास्थ्य, बाटो, खानेपानी, सरसफाइ र सौचालयको व्यवस्था पनि विकराल चुनौतीको रुपमा देखिएको छ ।**

ट्यूववेल जडान गरेका समूहहरूलाई कृषि सम्बन्धी तालिमहरू प्रदान गरिनेछन् । उत्पादनलाई बजारसम्म पुऱ्याउने सुविधामा वृद्धि गर्ने उद्देश्यले ग्रामीण सडक सुधार कार्यक्रमको पनि आयोजनामा व्यवस्था गरिएको छ ।

#### आयोजनाको उद्देश्य

जल उपभोक्ता समूह र संगठनको क्षमता बढाई स-साना किसानको आवस्यकता अनुसार सामूहिक ट्यूववेल संचालन गरी कृषि उत्पादकत्व वृद्धिमा दिगोपन ल्याई सहभागी किसानहरूको आय बढाउने आयोजनाको मुख्य उद्देश्य रहेको छ । समग्रमा यस आयोजनाको उद्देश्यहरू

निम्नअनुसार रहेको छ ।

- स्यालोट्यूववेलको माध्यमबाट सिंचाइ सुविधा उपलब्ध गराउने ।
- साना किसानहरू जो विविध कारणवश ऋणमा पहुंच राख्न सक्दैनन्, उनीहरूलाई समूह मार्फत स्यालो टयूववेलको लागि विना धितो सामूहिक दायित्वमा ऋण उपलब्ध गराउने ।
- दीर्घकालीन रुपमा कृषि उत्पादन वृद्धि गर्ने ।
- 'जल उपभोक्ता समूह'को क्षमता विकास गर्ने ।

**कार्यक्रमको मुख्य कामहरूमा समुदायमा रहेका विकास निर्माणको संरचनाहरूको सुधार विस्तार एवं नवनिर्माणगरी जीवनस्तर उकासी समुदायलाई दिगो जनजीविकाको बाटोमा लैजानु हो ।**

जल उपभोक्ता समूहहरूबीच कार्यगत एकताको विकास गरी सवल र सक्षम "जल उपभोक्ता संगठन" खडागरी सिंचाइ कार्यक्रमलाई दिगो तुल्याउने रहेको छ ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था आरआरएनद्वारा विगत २ वर्ष देखि सिराहा जिल्लामा सामुदायिक भूमिगत सिंचाइ सेक्टर आयोजना कार्यक्रम (CGISP) संचालन गर्दै आईरहेको छ । उक्त कार्यक्रम अन्तर्गत हालसम्म निम्नलिखित १६ वटा गाविसहरूमा ८५ वटा समूह निर्माण गरी ४० वटा पम्पसेट जडान गरिसकेको छ बाँकी जडान गर्ने क्रममा रहेको छ ।

**कार्यक्रम संचालित गाविसहरू**

१. तेनुवापट्टी
२. कुशाहा लक्ष्मनीयाँ
३. सुखीपुर
४. वल्हि
५. सिलोवापछवारी
६. फुल्काहाकट्टी
७. अयोध्यानगर
८. चन्द्रअयोध्यापुर
९. चन्द्रउदयपुर
१०. चन्द्रअयोध्यानगर
११. गमहरिया महेशपुर
१२. रामपुर विर्ता
१३. राघोपुर
१४. कर्जन्हा
१५. वढहरामाल
१६. कल्याणपुर जब्दी

२. ग्रामीण सामुदायिक पूर्वाधार र जीविकोपार्जन कार्यक्रम (RCILSP)

**लक्ष्य**

समुदायलाई दिगो जनजीविकाको अवसरलाई बढावा दिई कृषि तथा गैह्र कृषिमा आधारित व्यवसायिक परियोजनाहरू संचालन गरी गरिबी हटाउनु हो ।

शिक्षा, साक्षरता र जनजागरणको वर्तमान अवस्थाको वृद्धिगरी सिक्ने सिकाउने वातावरण तयार पार्नु हो ।

समूहमा आधारित संघ/संस्था र सहकारीको सुधारगरी संस्थागत विकास गर्दै लानु हो ।

समुदायको स्वास्थ्य र सरसफाइको वर्तमान अवस्थामा सुधार ल्याउनु हो ।

**उद्देश्य**

गरिबी र पछौटेपनबाट समाजिक रूपमा समेट्न नसकिएका जनसमुदायलाई सशक्तिकरण गर्दै र समाजको तल्लो वर्गका समुदाहरूको विकासको प्रयासलाई सशक्तिकरणगरी कार्यक्रममा समेटी उनीहरूको जीवनस्तर उकास्दै लानु हो ।

कार्यक्रमको मुख्य कामहरूमा समुदायमा रहेका विकास निर्माणको संरचनाहरूको सुधार विस्तार एवं नवनिर्माण गरी जीवनस्तर उकासी समुदायलाई दिगो जनजीविकाको बाटोमा लैजानु हो ।

**हालसम्म संचालित योजनाहरूको विवरण**

१. ३९ वटा विद्यालयमा भवन निर्माण तथा फर्निचर सहयोग कार्यक्रम
२. ९ वटा कल्भर्ट/चेकड्याम सहयोग कार्यक्रम
३. ६३ वटा ट्यूववेल सहयोग कार्यक्रम
४. ७६ वटा ढिकीपम्प सहयोग कार्यक्रम
५. ९ वटा सिंचाइ सहयोग कार्यक्रम
६. ३ वटा कृषि सडक निर्माण तथा मर्मत कार्यक्रम गरी जम्मा १९९ वटा योजनाहरू रहेको छ ।

यस कार्यक्रममा जिल्ला विकास समिति, नगरपालिका, गाविस र विभिन्न निकायहरूसंगको समन्वयमा कार्यक्रम संचालन भईरहेको छ । हाल ३४ वटा गाविसहरूमा कार्यक्रमहरू संचालन भइरहेको छ। उक्त योजनाहरू मध्ये ५३ वटा योजना सम्पन्न भई समुदायमा हस्तान्तरण गरिसक्को छ भने बाँकी योजनाहरू नयां निर्माणका साथै विस्तारै हस्तान्तरण गर्ने क्रममा रहेको छ । ✍

# खानेपानीको लागि चापाकलको सदुपयोग

**मोतीराम गौली**
**सहायक सामाजिक परिचालन अधिकृत, आरआरएन, सिराहा**

सगरमाथा अञ्चलमा पर्ने सिराहा जिल्लामा १०६ गाविस र २ वटा नगरपालिका रहेको छ । यस जिल्लामा खानेपानी तथा सिंचाइको अति नै आवस्यकता रहेको छ। मानिसको जीवनमा जन्मे देखि नमरेसम्म नभई नहुने वस्तु पानी हो। पानी बिना हरेक जीवित प्राणीको जीवन अकल्पनिय छ । यस जिल्लाका अधिकांश गाविसहरूका जनसमुदायहरू आर्शनिकयुक्त पानी पिउन बाध्य छन्, यहा सफा पिउने पानीको अभाव छ ।

यहांका बासिन्दाहरू पिउने पानीका लागि प्राय पोखरी र ईनार नै बढी प्रयोग गर्ने गर्दछन् । ५,२५,८४० जनसंख्या रहेको यस जिल्लामा करिव पचास हजार चापाकल छन् । एक चापाकलले लगभग ५ देखि ६ घरलाई पानी पिउन, लुगा धुन र नुहाउन पुग्दछ । दलितको संख्या बढी भएको अधिकांश ठाउंहरूमा पोखरीको फोहर पानी पिउन बाध्य छन् । उनीहरूको आर्थिक अवस्था तथा सामाजिक भेदभावको कारणले पनि पिछडिएका छन् । उनीहरूलाई बिहान खाना खाएपछि बेलुका के खाने भन्ने समस्याले पिरोलिरहेको हुन्छ ।

यहांका अधिकांश जनसमुदायहरूले खानेपानी तथा सिंचाईको माग गरे अनुसार नेपाल ग्रामीण पुनर्निर्माण संस्थाद्वारा संचालित ग्रामीण सामुदायिक पूर्वाधार र जीविकोपार्जन कार्यक्रम (RCILSP) अन्तर्गत खानेपानी तथा सिंचाईको कार्यक्रम अघि बढायो । कार्यक्रमको दौरानमा सबभन्दा पहिला खानेपानीको योजना संचालन गरेको थियो । दलित समुदायमा एक समूहमा ५ घरलाई समेट्ने गरी ६३ वटा चापाकल ४ महिना भित्र वितरण गरेको थियो । जसलेगर्दा यस भेगका ३३० घर दलित समुदायहरू उक्त कार्यक्रमबाट लाभान्वित भएका छन्। ✍

# हेल्थपोष्ट भवन शेर्पागाउँमा, खुसीले सबै फुरुङ्ग

**उमेश भारती**
**आरआरएन, सोलुखुम्बु**

सोलुखुम्बु सदरमुकाम सल्लेरीबाट करिब १४ कोष पश्चिम भकाञ्जे गाविसमा ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम अन्तर्गत आरआरएन, सोलुखुम्बुको सहयोगमा उप-स्वास्थ्य चौकी भवन निर्माण भएकोमा स्थानीयबासी खुसीले फुरुङ्ग भएका छन् ।

शेर्पा समुदायको बाहुल्यता रहेको यस क्षेत्रमा नयाँ हेल्थपोष्ट भवन निर्माण भए पछि हिजो आज दिन र रात झै अन्तर भएको कुरा वयोवृद्ध स्थानीयबासी दोर्जी शेर्पा बताउनु हुन्छ । अरू वहाँ थप्नु हुन्छ, "अचेल त नयाँ हेल्थपोष्ट भवन हेर्दा नै आधी बिरामी निकोभए झै हुन्छ ।" नवनिर्मित भवन देखि १५ मिनेट तल साँगुरो कोप्चामा स्थानीय जनश्रमद्वारा एकदशक अगाडि निर्मित पुरानो स्थलमा हेल्थपोष्ट संचालन हुँदा भवन सानो र अध्यारो भएकोले बाहिर खुल्ला चौरमा ल्याएर स्वास्थ्योपचार गर्नु पर्दथ्यो । चिसो र ओसले गर्दा वर्षेनी स्टोरका औषधीहरू नष्ट भएर खेरजाने मात्र हैन महिलाहरूलाई गर्भवती परीक्षण तथा परिवार नियोजन सम्बन्धी सेवा र सल्लाह दिँदा त कान्लामुनी लुकेर दिनुपर्ने तितो यथार्थ बताउनु हुन्छ, मातृशिशु कार्यकर्ता सुषमा शेर्पा ।

उच्च हिमाली जिल्ला उसमाथि दिनहुँ भने झै कुहिरो लागिरहने यस क्षेत्रका पिछाडी पारिएका समुदायको हितको खातिर २०६२ वैशाख सोलुखुम्बु जिल्लाकै पहिलो सम्झौता गरी नयाँ हेल्थपोष्ट भवनको कार्य प्रारम्भ भएको कुरा जिल्ला संयोजक दावाङ शेर्पा बताउनु हुन्छ । जुन गाउँमा निर्माण भएको हेल्थपोष्ट भवन ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग (RCILSP) कार्यक्रमको जिन्सी र नगद गरि रु.६,४८,७१० बराबरको सहयोग र स्थानीय समुदायको रु.५५,८९५ बराबरको जनश्रमदान गरि कूल लागत रु.७,०४,६०५ मा निर्माण सम्पन्न भएको यस भवनमा हाल ६ वटा सुविधा सम्पन्न कोठाहरू छन् । जहाँ चिसोबाट बच्न भित्री प्रत्येक कोठामा सिलिङ र भित्तामा समेत तखताको सिलिङ लगाइएको छ ।



सोलुखुम्बु जिल्लाकै मुख्यद्वारको रुपमा रहेको यस क्षेत्र जहाँ विश्वको सर्वोच्च शिखर सगरमाथा आउने पर्यटकहरू यसै क्षेत्र हुँदै आउने यस भकाञ्जे हेल्थपोष्टमा रामेछाप जिल्लाको घुम्देल, र सोलुखुम्बुका चौलाखर्क, भकाञ्जे, गोली गाविस क्षेत्रका समुदायहरूलाई सेवा पुगेको साथै बाटोमा बिरामी परेका विदेशी पर्यटकहरू पनि स्वास्थ्योपचार गराउन आउँछन् ।

यसरी स्थानीय समुदाय लगायत सबै पक्षको खुसीमा उत्साह थप्दै ईन्जिनियर दावाङ शेर्पा कार्यक्रमको भावी योजना बारे बताउनु हुन्छ, "यस हेल्थपोष्ट भवनमा शुद्ध पिउने पानी, आधुनिक शौचालय तथा भवन वरिपरि ढुङ्गाको घेराबारा र प्रतिक्षालय निकट भविष्यमा नै दोस्रो कार्यक्रम अन्तर्गत निर्माण गर्ने छौ ।"

## सन्दर्भः ५७ औं विश्व मानवअधिकार दिवस

# वर्तमान अवस्थामा मानवअधिकारको सवाल

**भानु पराजुली**
**जिल्ला संयोजक, आरआरएन, कञ्चनपुर**

**पृष्ठभूमि**

दोस्रो विश्वयुद्धको अन्त्यसँगै, युद्धमा राज्य र गैरराज्य पक्षले उल्लंघन गरेका ज्यादतिहरूबाट सिकिएको पाठस्वरुप संयुक्त राष्ट्रसंघले विश्व मानवअधिकारको घोषणा पत्र जारी गरेको थियो । विगत ५७ वर्ष पहिले डिसेम्वर १० तारिखलाई विश्व मानवअधिकार दिवसको रुपमा मनाउन थालियो । विश्वको जुन कुनामा रहेपनि राज्यका तर्फबाट मानव जातिको शोषण र अत्याचार हुन नपाओस् र उसको वैचारिक एवं जीवनको गरिमा, मर्यादा, स्वतन्त्रता र सार्वभौम मानवअधिकारमाथि हस्तक्षेप नगरियोस् भन्ने विश्वजनीन मान्यता स्थापित गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघको जन्म भएको हो ।

तत्कालीन अवस्थामा अतिवादी शासन, सैन्यवादी र निरंकुश शैली एवं एकाधिकारवादी सत्ता माथि अंकुश लगाई लोकतान्त्रिक राज्य व्यवस्था स्थापनामा जोड दिने र केही मुलुकको जातिभेद र उपनिवेशको जंजिरबाट उन्मुक्ति दिने जस्ता मानव अधिकारका सवालमा अहम जिम्मेवारीहरू राष्ट्रसंघको काँधमा आएका थिए ।

**मानवअधिकार र राष्ट्रसंघको उद्देश्य**

आमनागरिकलाई जाति, भाषा, लिंग, धर्म आस्था र विचारका आधारमा भेदभाव गर्ने तथा उनीहरूलाई यातना दिने जुनसुकै काम बन्द गराउनु मानवअधिकारको उद्देश्य हो । महान् नाटककार हेनरिक इब्सनले भनेजस्तै सत्य र स्वतन्त्रताको आधार नै समाजको मूल स्तम्भ हो तर, स्वतन्त्रताको अर्थ स्वच्छन्दता होइन । आत्म अनुशासन र कानुनी राज्यको मान्यता अनुसार काम गर्नु र जनतालाई शासनको निर्णायक शक्ति बनाउनु सत्य र स्वतन्त्र मानव जीवनका लागि सरल हुन्छ भन्ने सार्वभौमिक विश्वास हो । विगत ५७ वर्षमा यस दिशामा यथेष्ट प्रगति भएको छ । तरपनि अझै मानव स्वतन्त्रता र नैसर्गिक न्यायका लागि धेरै काम गर्न बांकी नै छ । कुनैपनि राज्यमा कानुन र मर्यादा हुँदाहुँदै त्यसको सही पालना भएन भने मानवअधिकारको स्थितिमा समस्या पर्ने गर्दछ ।

**पछिल्लो चार महिनामा माओवादीको एकतर्फी युद्धविरामले आम नागरिकमा शान्ति छाउने हो कि ? भन्ने आशा जागेको थियो । तर राज्य पक्ष गम्भीर नभइदिँदा सो अवसर पनि गुमेको छ ।**

**कानुनी राज्यको अवधारणाभित्र मानवअधिकार**

राम्रो कानुनको खराब रुपमा प्रयोग भइरहेमा मानवअधिकार हनन्का शृङ्खला प्रकट हुने गर्दछन् । अनाहकमा र बिनाकसुर मानिसले दण्ड भोग्नु नपरोस्, कानुनी राज्यको

मूल्यांकन गर्दा त्यस मुलुकभित्रको शासनसत्ताको ढांचा कस्तो छ भन्ने कुरा, मौलिक अधिकार सुनिश्चित छ छैन, न्यायपालिका कति स्वतन्त्र छ र प्रशासनिक व्यवहारहरू कसरी सम्पादन हुन्छन्, त्यसले नै स्वतन्त्र, न्यायपूर्ण र खुला समाजको आधार खडा गर्छ। बोल्ने, लेख्ने, संगठित हुने, विरोध गर्ने स्वतन्त्रताले मात्र पुग्दैन । आर्थिक भेदभाव र सामाजिक विकृतिले जन्माएका शोषणका अवशेषहरू समाप्त गर्नु मानवअधिकार र संरक्षणको आधार हो । आफ्नो बारेमा निर्णय लिन पाउने जनताको सार्वभौम अधिकार कुण्ठित गर्नु, मानवअधिकारको विपरित काम हो । यस मामिलामा राज्यले आफूलाई सर्वाधिक चनाखो राख्नुपर्छ । विश्वको विविधताभित्र मानव जातिलाई एकैखाले स्वतन्त्रताको प्रत्याभूति दिनु विश्व मानवअधिकार दिवसको महत्व हो। तर नेपालमा २०५२ साल फागुन १ देखि सुरुभएको जनयुद्धमा अहिलेसम्म १३ हजार भन्दा बढी नेपालीले ज्यान गुमाइसकेका छन् । बेपत्ता पारिने मुलुकमा नेपाल दर्ज भइसकेको अवस्था छ । लाखौं आन्तरिक शरणार्थी बनेका छन् भने मुग्लान छिर्नेको संख्या कहालीलाग्दो बनेको छ।

**गत साल मानव अधिकार उच्चायोगको बैठकमा दर्ता हुन लागेको एजेण्डा आइटम नौ अन्तर्गत 'नेमिङ एण्ड सेमिङ' को प्रस्ताव दर्ता नभएकाले नेपाल सबैभन्दा खराब मानवअधिकार अभिलेख भएका मुलुकको पंक्तिमा दर्ज हुनबाट बचेको थियो।**

**राष्ट्रसंघको अनुगमन संयन्त्र**

नेपाल र राष्ट्रसंघीय मानवअधिकार उच्चायोगबीच मानवअधिकार उल्लङ्घनका घटनाहरू अनुगमन गर्न उच्चस्तरीय संयन्त्र नेपालमा विगत एक वर्षदेखि रहेको छ । यसलाई मानवअधिकार तथा सामाजिक न्यायका क्षेत्रमा कार्यरत सबै देश, संस्था र संगठनहरूले स्वागत गरिसकेका छन् । उसो त विद्रोही माओवादीले समेत स्वागत गरेको छ । उच्चायोगको यो उपस्थितिले आगामी दिनमा राज्य र गैर राज्य पक्षको जवाफदेहीता र जिम्मेवारीपना बढ्नुपर्ने कुरामा हामी विश्वास लिन्छौं । द्वन्द्वरत दुवै पक्षबाट हुने दण्डहीनताको दुश्चक्र तोडिन सक्ने अवसर यसले सिर्जना गरेको छ । सकारात्मक प्रतिफल उन्मुख मुलुक जाने र द्वन्द्वको रुपान्तरण र शान्ति बहालीमा यसले प्रभाव पार्ने नै छ।

**मानवअधिकार प्रतिबद्धता र नेपाल**

झण्डै विगत दुई वर्ष पहिले चैत्र १३ गते सुर्यबहादुर थापाको सरकारले सार्वजनिक गरेको मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयनप्रतिको प्रतिबद्धता उसले र त्यसपछिका सरकारहरूले त्यति कार्यान्वयन र पालना नगरेका कारण नै नेपाल जेनेभाको मुख्य एजेण्डामा परेको थियो । गत साल मानव अधिकार उच्चायोगको बैठकमा दर्ता हुन लागेको एजेण्डा आइटम नौ अन्तर्गत 'नेमिङ एण्ड सेमिङ' को प्रस्ताव दर्ता नभएकाले नेपाल सबैभन्दा खराब मानवअधिकार अभिलेख भएका मुलुकको पंक्तिमा दर्ज हुनबाट बचेको थियो । यसको प्रभावलाई पूर्वअन्दाज गरी संघ र नेपाल सरकारबीच अनुगमन संयन्त्रको विकास गर्ने सहमति भएको थियो । तथापि दण्डहीनता र मानवअधिकार हनन्का शृंखला जारी रहेमा आइटम नौ फेरी दर्ता नहोला भन्न सकिदैंन। यसतर्फ द्वन्द्वरत पक्षहरूले विशेष रुपमा गम्भीर बन्नै पर्ने भएको छ । यदि त्यसो नभएमा आइटम नौ प्रस्ताव दर्ता भएमा

अन्तर्राष्ट्रिय रुपमा नेपाल बदनाम र नाकाबन्दी लगाएका चुनौतीको सामना गर्नुपर्ने हुन सक्छ ।

सशस्त्र द्वन्द्वको पराकाष्ठामा मानव अधिकार हनन् र ज्यादतिका शृंखलाकै क्रममा पछिल्लो संकटकालमा मानवअधिकार झन् संकटग्रस्त बनेको थियो । पछिल्लो चार महिनामा माओवादीको एकतर्फी युद्धविरामले आम नागरिकमा शान्ति छाउने हो कि ? भन्ने आशा जागेको थियो । तर राज्य पक्ष गम्भीर नभइदिँदा सो अवसर पनि गुमेको छ । राज्यले प्रजातन्त्र, मानवअधिकार र सुशासन जस्ता प्रतिबद्धताप्रति गम्भीर बन्ने काम गर्नुपर्दछ । विद्रोहीले उठाउँदै आएको अन्तर्राष्ट्रिय मध्यस्थताको कुरा पनि राष्ट्रसंघको उपस्थितिले पूरा गरेका कारण द्वन्द्वको रुपान्तरण र शान्ति बहालीमा लाग्नै पर्ने अवसर र बाध्यता दुवै प्रदान गरेको नागरिक समाजले महसुस गरेको छ ।

जेसुकै, जोसुकै र जस्तोसुकैको सरकार या व्यवस्थामा मानवअधिकारको विश्वव्यापी मूल्य र मान्यता सधैंभरि सर्वमान्य र सार्वभौम रहने तथ्य सबैले बुझ्नुपर्ने विषय हो । सरकारले मुलुकमा स्वतन्त्रता, प्रजातन्त्र र मानवअधिकारका विषयमा जाहेर गरेका प्रतिबद्धता र अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा हस्ताक्षर गरिसकेको तथ्यलाई मध्यनजर गरी राष्ट्रसंघको मानव अधिकार अनुगमन संयन्त्रको स्थापना र त्यसलाई प्रभावकारी रुपमा काम गर्न सहयोग भने राज्य र गैर राज्य पक्षले निर्बाध रूपमा प्रदान गर्नुपर्दछ ।

**द्वन्द्वको विश्व परिवेश र सिक्नुपर्ने पाठ**

सशस्त्र युद्धको दशौं वर्षसम्म मुलुकले धेरै रगतको होली खेलिसकेको छ । गाउँबाट विस्थापित हुनेको संख्या कहालीलाग्दो बनेको छ । गाउँमा बनिबुतोका लागि हलो जोत्ने निम्नवर्गका गरिब नै द्वन्द्वको सिकार बनेका छन् । गाउँ क्षेत्रका सरकारी र निजी विद्यालयहरू बन्द हुँदै गएका छन् । कतै शिक्षक त कतै विद्यार्थी एकातर्फ मारिएका छन् भने अर्कातिर अपहरण भएका घटनाहरू आम बनेका छन् । सुदुरपश्चिम, मध्यपश्चिम र पूर्वी जिल्लाहरूका ग्रामीण क्षेत्रका कतिपय स्कूलहरूमा विद्यार्थी र शिक्षकको नाता टुटेको छ । कि त स्कूलहरू सैन्य तालिमका अखडा बनेका छन् कि त खाली–खाली छन् । द्वन्द्वबाट आहत बनेका जनताको शान्तिप्रतिको असीमित चाहना मर्दै गएको अवस्थामा माओवादीको एकतर्फी युद्धविराम र राष्ट्रसंघको उपस्थितिले नागरिकले राहतको सास फेरेका थिए । श्रीलंकामा राष्ट्रिय राजनीतिमा वैमनस्य भइरहँदा पनि लिट्टेले एकतर्फी युद्धविराम गरिरहेको कुरा । राजनीति

**गाउँमा बनिबुतोका लागि हलो जोत्ने निम्नवर्गका गरिब नै द्वन्द्वको सिकार बनेका छन् । गाउँ क्षेत्रका सरकारी र निजी विद्यालयहरू बन्द हुँदै गएका छन् ।**

जनताको लागि हो भन्ने कुरा । जनतामा उत्पन्न विद्वेष, अविश्वास र चरम घृणा जाग्यो भने यसको परिणाम राम्रो नहुने कुरा । आन्तरिक द्वन्द्व र गृहयुद्धले निरन्तरता पाएका मुलुक नर्क बन्छन् भन्ने प्रसस्तै उदाहरणहरू छन् ।

सुडानको इतिहासलाई हेर्ने हो भने त्यहाँ लगातार मच्चिएको आपसी झगडा र तनावले गृहयुद्धको बिजारोपण भयो र १५ लाख भन्दाबढी मानिस मरे, कयौं शरणार्थी बने र अन्ततोगत्वा धेरैपछि शासकहरूमा चेत पलायो । सन् १९८० को दशकमा एल साल्भाडोरमा भएको गृहयुद्धमा हजारौं मानिस मरे । होण्डुरससँग लडाइ गरेर क्षतविक्षत बनेको दरिद्रतम मध्येको त्यो देशको सामाजिक आर्थिक अवस्था

जर्जर बन्न पुग्यो । इथियोपियाको संयुक्त विद्रोही समूह इपिआरडिएफ र सोमालियाबीचको लडाईमा इथियोपिया त जीर्ण बन्यो नै सोमालिया पनि धराशाही हुन पुग्यो । ग्रीसको संस्कृतिबाट सुवोदित मानिने सुन्दर देश गृहयुद्धकै कारण लाखौं जनता मरे । युद्धपछिको प्रभाव अझै इथियोपियामा भेटिन्छ । सोमालियामा मात्रै सोह्र लाख जनता भोकमरिले मरे । बाँच्नेहरू जुत्ता पोलेर र उसिनेर खान विवश बने । मानवताको त्यत्रोविधि उपहास सायदै कतै भेटिएला ? सगरमाथा र बुद्धको देशले चिनिने नेपालको सुन्दरता, यहाँको सांस्कृतिक, भौगोलिक र सामाजिक विविधताभित्र करोडौं सम्भावना लुकेका छन् ।

सियरालिओनमा पांच वर्षमा दशहजार भन्दा बढी मानिस मरेपछि बल्ल चेत खुल्यो र त्यहाँका शासकलाई पहिलो प्रथमिकता भनेको शान्ति नै रहेछ भन्ने लाग्यो । त्यस्तै रुवाण्डामा टुट्सी र हुतुको युद्धमा पाँचलाख मानिस मरे । चाहे पेरुको सशस्त्र द्वन्द्व होस् या टुपाक अमारु आन्दोलन रगत बगाएर सफलता पाईदैंन भन्ने कुराका उदाहरण हुन् । सामाजिक न्याय र आर्थिक समृद्धिका खातिर गरिने भनिएका सशस्त्र विद्रोहले कतै फलिफाप भएको भेटिदैंन । उल्टो नागरिक शासन र नागरिक अधिकार नै कुण्ठित भएको भेटिन्छ । नेपाल पनि त्यही दिशातिर अग्रसर बनिरहेको छ । युएन जस्तो संस्थाले द्वन्द्व समाधानमा मध्यस्थता गरिदिन्छु भन्दा सरकार वास्ता गर्दैन ।

२१ औं शताब्दीका जनता या युवापीढीहरू लोकतान्त्रिक व्यवस्था चाहन्छन् । नागरिकहरू कुनै प्रकारको पनि अधिनायकत्व स्वीकार्य गर्न सक्दैनन् । जनताको आधारभूत मानव अधिकारमाथि कसैले हस्तक्षेप गरे पनि त्यो दीर्घकालीन रहन सक्दैन । सदाका लागि जनताको सार्वभौमसत्ता, नागरिकका मौलिक हक र बहुलवादी लोकतन्त्रको पक्षमा टुंग्याएर नयां भविष्य निर्माणको बाटोमा प्रवेश गर्ने सपना आम नेपालीको छ । राजनीतिक पार्टीहरू मूलतः संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको बाटोबाट जनताको प्रभुसत्ता कायम गर्ने सपना पालेका थिए । तर त्यसलाई दुत्कार्ने कार्यले संवैधानिक राजतन्त्रको भविश्यमाथि प्रश्न उठ्न थालेको परिवेश छ । यसर्थ बहुदलीय प्रजातन्त्रमा प्रतिबद्ध रहेको बारबार घोषणा गर्ने श्री ५ ले व्यवहारिकतामा त्यसलाई रुपान्तरण गर्न सके युद्धविराम गरिरहेका माओवादीलाई मिलनविन्दु वा सहमतिमा ल्याउन सकिने आधार अझै मरेको छैन । तसर्थ विश्व मानवअधिकार दिवसको दिन आजै इतिहासबाट पाठ सिक्दै नेपालमा शान्ति र सम्वृद्धि ल्याउने दिशामा सबै लाग्न सकौं यही शुभकामना छ । ✍


# जानकारी

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) ले सहभागीमूलक प्रकोप व्यवस्थापन प्रशिक्षक-प्रशिक्षण पुस्तिका प्रकाशित गरेको छ ।

**यसमा निम्न विषयहरु समावेश गरिएका छन् ।**

- ✍ तालिम र यसको महत्त्व
- ✍ तालिम र विधिहरू
- ✍ समुदायमा आधारित प्रकोप व्यवस्थापन
- ✍ प्रकोप न्यूनीकरण
- ✍ प्रकोप पूर्वतयारी
- ✍ उद्धार तथा राहत सेवा
- ✍ स्वयंसेवकको भूमिका
- ✍ नेपालमा हुने प्रकोपहरू
- ✍ प्राथमिक उपचार
- ✍ संकटाभिमुख

# आर्थिक अवस्थामा परिवर्तन

**सलबहादुर पाण्डे**
**सामाजिक परिचालक, आरआरएन, इलाम**

नेपाल ग्रामीण पुनर्निर्माण संस्था- आरआरएन, इलामले ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम अन्तर्गत इलाम जिल्लाका ४८ वटा गाविसहरू मध्ये पिछडिएका १९ वटा गाविसहरूमा विभिन्न किसिमका संरचनाहरू र व्यावसायिक सीपमूलक तालिमका कार्यक्रमहरू सचालन गर्दै आइरहेको छ । कार्यक्रमहरू संचालन भएका गाविसहरू मध्येको दुर्गम गाविसको रुपमा चिनिने गोर्खे एक हो । जुन गाविसको वार्ड नं. ४, मानेडाँडा समुदायको ४३ घर परिवारको ६९८ रोपनी जग्गा सिंचित गर्ने अभिप्रायले यस संस्थाले पक्की कुलो निर्माण कार्य सम्पन्न गरेको छ ।

कुलो निर्माण कार्य सम्पन्न हुन अघि यहाँका जनसमुदायले धेरै कठिनाईहरू भोग्दै आएको थिए । यसै सन्दर्भमा उपभोक्ता समूहका सदस्य केशव मोक्तान भन्नुहुन्थ्यो, “स्थानीय स्तरमा प्रशस्त मात्रामा श्रोत साधनहरू हुँदाहुँदै पनि कुलोको अवस्था जीर्ण भएकोले जग्गा सिंचित गर्न वा खेती व्यवसाय गर्न अत्यन्तै कठिनाई भएको छ ।”

त्यस्तै कुलो उपभोक्ता समूहहरूको भनाई यसप्रकार थियो, “मुख्य पेशाको रूपमा परम्परादेखि चलिआएको कृषि व्यवसायमा ह्रास हुँदै गएको छ र यस गाउँले समुदायको जीवनस्तर कमजोर हुँदै गएको छ । कुलोको जीर्ण अवस्थाले गर्दा समुदायले जग्गा सिंचित गर्ने समयमा छिमेकी-छिमेकीबीच झैझगडा हुने, सिंचाइ गर्न धेरै समय लाग्ने आदि समस्याहरू वर्षौपछि टड्कारो रूपमा बढ्दै गएको छ ।”

हाल आएर आरआरएन इलाम र उपभोक्ता समितिले सो कुलोलाई पक्की बनाउने कार्य सम्पन्न गरिसकेको छ । उक्त कार्यबाट २१७ जनसंख्या



लाभान्वित भएका छन् । हाल यहाँका मानिसहरू पुर्खौली खेती व्यवसाय त्यागी उन्नत किसिमका बेमौसमी तरकारी, फलफूल र हिउँदे खेतीतिर उन्मुख भएका छन् ।

वास्तवमा यो गाविस भारतसँग सिमाना जोडिएकोले र स्थानीय बजारहरू पनि ठाउँ ठाउँमा भएकाले त्यस क्षेत्रमा उत्पादन भएका वस्तुहरूको विक्री वितरणको समस्या नहुने र मूल्य पनि राम्रो पाउने भएकाले प्राय जसो समुदायले खेतबारीमा मुख्य खाद्यबालीको बदलामा नगदे बालीहरू अदुवा, फूल, फलफूल र बेमौसमी तरकारी खेतीहरू गर्न थालेका छन् । यसै सन्दर्भमा कुलो उपभोक्ता समितिका अध्यक्ष श्री वृखबहादुर साँवा भन्नुहुन्छ, “पहिला छ महिनासम्म मात्र खान पुग्ने मानिसहरूले यो कुलो निर्माण पश्चात १२ महिनासम्म सजिलैसँग खान पुग्ने बाली उब्जाउन सक्ने छन् भन्ने कुरामा विश्वस्त छु ।” ✍

# बाख्रा पाल्नेले अब बंगुर पनि पाल्ने भए



**सन्देश राजभण्डारी**
**आरआरएन, बर्दिया**

आरआरएन, बर्दिया कार्यक्रमद्वारा संचालित ग्रामीण सामुदायिक पूर्वाधार र सहयोग कार्यक्रम अन्तर्गत उन्नत तरिकाबाट बाख्रा तथा बंगुर व्यवसाय गराउने तथा आर्थिक स्थिति बढाउने उद्देश्यका साथ ७ दिने बाख्रा तथा बंगुर पालन व्यवस्थापन तालिम बर्दिया जिल्लामा संचालन भएको थियो । उक्त तालिममा १६ वटा गाविसहरूबाट २५ जना सहभागीहरूले भाग लिएका थिए । यसमा दलित र थारु जातिहरूको बाहुल्यता रहेको थियो । तालिमबाट सहभागीहरूले बाख्रा तथा बंगुर पालन कसरी गर्ने, रोग लाग्नबाट कसरी बचाउने, रोगको पहिचान कसरी गर्ने, रोकथाम कसरी गर्ने, उन्नत जातको बाख्रा तथा बंगुर कसरी पहिचान गर्ने, स्थानीय स्तरमा नै उन्नत जातको बाख्रा तथा बंगुर कसरी उत्पादन गर्ने र बाख्रा तथा बंगुरलाई सन्तुलित आहार कसरी बनाउने भन्ने कुराको ज्ञान हासिल गरेका थिए ।

यसै सन्दर्भमा सहभागीहरू मध्येका दुर्गा पुन मगर, टिकु लाल थारु र सविता सुनारको भनाई यसप्रकार छ, "आरआरएनले हामीलाई जुन ज्ञान हासिल गर्ने मौका दियो त्यो अतिनै सराहनीय छ । यसलाई हामीले व्यवहारमा उतार्ने छौं ।" त्यस्तैगरी गोम्चो वि.क., होलीराम थारु, सुशिला चौधरी, चैतु थारुहरूको भनाई यस्तो छ "आरआरएन बर्दियाले हामीलाई जुन तालिम लिने अवसर प्रदान गऱ्यो त्यो हाम्रो जीवनको सबैभन्दा सुनौलो अवसर हो । अहिलेसम्म हामीले बाख्रा तथा बंगुर कसरी पाल्ने भन्ने कुराको सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान थिएन, तालिमबाट हामीलाई त्यो ज्ञान प्राप्त भयो अब बाख्रा मात्र हैन बंगुर पनि पाल्ने छौं ।"

तालिम कै सिलसिलामा सहभागीहरूलाई प्रयोगात्मक ज्ञान दिलाउने उद्देश्यले गुलेरिया नगरपालिका ६ सुहेलवामा आरआरएन, बर्दियाले २५० बाख्रा, बंगुर तथा भेडाको निःशुल्क औषधी उपचार गरी २५ घरधुरीलाई सेवा प्रदान गरेको थियो । उक्त उपचारको क्रममा नाम्ले, जुका, टेपवर्म जस्ता रोगको उपचार गर्नुका साथै खसी बनाउने कार्य पनि भएको थियो । खसी बनाउने काममा पुरुष भन्दा महिला नै अगाडि सर्नु भएको थियो । तालिम समापनमा सहभागीहरूले आफ्नो विचार यसरी व्यक्त गरेका थिए, "तालिमले हामीलाई धेरै कुराको ज्ञान गरायो । हामीले जुन ज्ञान यहाँबाट लिएर जाँदैछौं, त्यो ज्ञान हाम्रो गाँघरमा समेत बाँड्छौं । अब हामी बाख्रा र बंगुर पालन गरी हाम्रो आर्थिक स्थितिमा सुधार ल्याउने छौं ।" ✍

# खोटाङमा खानेपानी योजना

**पित्त बहादुर जिरेल**
**आरआरएन, खोटाङ, दिक्तेल**

खोटाङ्ग जिल्ला डाँडागाउँ गाविस, वार्ड नं. ९ स्थित चारकिल्ला र लासिङदारमा विभिन्न जातिहरूको जम्मा ४० घरहरू छन् । यहाँको जनसंख्या जम्मा २५० जना छन् । यस टोलको पूर्वमा ओखे, दक्षिणमा खरुवाखोला, पश्चिममा साप्सु खोला र उत्तरमा यम्खा गाविसका गाउँहरू रहेकाछन् । आजभन्दा एक वर्ष अगाडि यहाँका मानिसहरूले स्वच्छ खानेपानी पिउन पाएका थिएनन् ।

खानेपानीको श्रोत भनेको कुवा मात्र थियो । कुवामा जहिले पनि धमिलो पानी मात्र जम्मा हुन्थ्यो । वरिपरिबाट बतासले उडाएर ल्याएको फोहर पनि कुवा भित्र नै जम्मा हुन्थ्यो । त्यही फोहर पसेको पानी खाएर रोगलाई निम्त्याउनु भन्दा अर्को कुनै उपाय नै थिएन । यस गाउँमा बालबालिकाहरू पढ्ने विद्यालय भनेको देवी निम्न माध्यामिक र एउटा प्राथमिक रहेका छन् । यहाँ पढ्ने विध्यार्थीहरू पनि कुवाको धमिलो पानी खान बाहेक अर्को कुनै उपाय नै थिएन । कुवाको पानी खोज्न पनि विद्यालयबाट धेरै टाढा जानु पर्थ्यो । स्वच्छ पिउने पानी पाउन त कठिन छदै थियो । यसले बच्चाहरूको पढाईमा समेत बाधा पर्नुका साथै सरुवा रोगको पनि सामना गर्नु पर्ने अवस्था थियो । यहाँका छोरी मान्छेहरू बिहान उठेदेखि दिनको १ बजेसम्म पानी खोज्न खट्नु पर्दथ्यो । प्रत्येक दिनको आधा दिनमात्र अरु काममा लगानी गर्न पाउँथे ।

स्वच्छ खानेपानी समस्याहरू समाधान गर्नको लागि गाउँलेहरूले धेरै सरकारी कार्यालयहरू धाइसकेका थिए तर, समस्या भने जस्ताको त्यस्तै रहेको थियो । हाल नेपाल ग्रामीण पुनर्निर्माण संस्थाद्वारा संचालित ग्रामीण सामुदायिक पूर्वाधार र जीविकोपार्जन कार्यक्रम अन्तर्गत यस ठाउँमा धाराहरू बनेका छन् । यहाँ खानेपानी आउने आशाले गाउँलेहरूले एक दिनसम्म लाग्ने साप्सुखोलाबाट बालुवा ल्याउने काम गरेका थिए । उनीहरू आफैले प्राविधिक सल्लाहअनुसार काम गरेका छन् । हाल चारकिल्ला र लासिङदारका मानिसहरूले स्वच्छ खाने पानी खान पाएका छन् । टोल टोलमा धाराहरू छन् । आवश्यक परेको समयमा जुनैबेला पनि पानी चलाउन सकिन्छ ।

**हाल नेपाल ग्रामीण पुनर्निर्माण संस्थाद्वारा संचालित ग्रामीण सामुदायिक पूर्वाधार र जीविकोपार्जन कार्यक्रम अन्तर्गत यस ठाउँमा धाराहरू बनेका छन् ।**

महिलाहरूको लागि प्रत्येक दिन पानी खोज्न जान लाग्ने समय बचत भएको छ । त्यो समयलाई अर्को कामको लागि लगानी गर्न पाएका छन् । यहाँका बासिन्दाहरूमा "रोग लाग्नु भन्दा रोगको बाटै छेक्नु बेस" भन्ने कुराको चेतना आइसकेको छ ।

आरआरएनको योगदानबाट खुसी हुँदै उपभोक्ता समितिका अध्यक्ष श्री अम्बिका सिग्देल भन्नुहुन्छ, "स्वच्छ खानेपानी पिउनबाट वञ्चित भएका चारकिल्ला र लासिङदारका बासिन्दाहरूलाई प्राविधिक सल्लाह सुझाव दिई खानेपानी ल्याउन सहयोग गरेकोमा आरआरएनलाई हृदयदेखि नै धन्यवाद दिन चाहान्छु ।"

# लालपानी गाउँमा कल्भर्ट निर्माण

झापा जिल्लाको दक्षिणी भेगमा रहेको धरमपुर गाविस वार्ड नं. ५ र ६ स्थित लालपानी गाउँ झापा जिल्लाकै पिछडिएको गाउँहरूमध्ये एक हो । त्यस गाउँमा आदिवासीमा चौधरी र दलितहरूको बाहुल्यता बढी छ । उनीहरू शिक्षा तथा स्वास्थ्य



सुविधाका क्षेत्रमा अति पछाडि परी कठिन जीवन गुजारी रहेकाछन् । त्यहाँ स्थानीय श्रोत साधनहरू हुँदाहुँदै पनि त्यस गाउँका जनताले उक्त श्रोत साधनलाई परिचालन गरी आफ्नो जीविकोपार्जनमा प्रयोग गर्न सकिरहेका छैनन् । त्यस गाउँको जनताहरूमा जिल्ला सदरमुकाम गएर कुनै पनि संघ संस्था तथा सरकारी कार्यालयहरूमा आफ्नो समस्याहरू राख्न सक्ने चेतना पनि छैन ।

हाल उक्त धरमपुर गाविसको लालपानी गाउँमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था-आरआरएनद्वारा संचालित ग्रामीण सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन सहयोग कार्यक्रम अन्तर्गत कल्भर्ट निर्माणमा सहयोग गरेको छ । जुन कल्भर्टले गर्दा धरमपुर, तोपगाछी, बैगुनधुरा हुँदै कोरोबारी र अन्य गाविसका गाउँका जनताहरूलाई पनि आवतजावत गर्न सजिलो भएको छ ।

जुन कल्भर्ट विगतको वर्षायाममा पूर्णरुपमा क्षति भएको कारणले सो ठाउँका जनता तथा विद्यार्थीहरूलाई आवत जावत गर्न कठिन भएको थियो । सो कल्भर्टको लागि आरआरएन, झापाबाट रु.२५०,६४० बराबरको निर्माण सामाग्री, जिविसबाट रु.१,१५७,७५५ र समुदायको तर्फबाट रु.२००,००० गरी जम्मा रु.१,६०८,३९५ को संयुक्त लगानी र सहभागितामा निर्माण कार्य सम्पन्न भएको छ ।

**प्रेषक : लक्ष्मी कटुवाल**
आरआरएन, दमक, झापा

# सिंचाइ कार्यक्रमले कृषि उत्पादन बढायो

आरआरएन, मोरङ्गले जिल्लाका विभिन्न गाविसहरूमा सामाजिक परिचालन गरि सिंचाइ सुविधा उपलब्ध गराउँदै आएको छ । जसमध्ये मोरङ्ग जिल्लाको सिसवनी जहदा गाविसमा गरिएको सामाजिक परिचालनबाट सिंचाइ सुविधाले ल्याएको तरकारी खेतीको लहरलाई एक मान्न सकिन्छ ।

सिंचाइको प्रशस्त सम्भावना भएर पनि सिंचाइकै अभावबाट नेपालमा उल्लेखनीय मात्रामा कृषि उत्पादन गर्न सकिएको छैन । तर, त्यस्तै समस्याले जेलिएको सिसवनी जहदा गाविस आज तरकारी खेतीको नमूना गाविसमा स्थापित बनिसकेको छ ।

जुन गाविसमा कृषि उत्पादनहरू मकै, टमाटर, सिमी र आलु जस्ता प्रमुख बालीबाट हिजोसम्म एक पैसाको आम्दानी नभएका किसानहरूले आज न्यूनतम प्रति समूह रु.३,००,००० सम्म कमाएका छन् । जसको उत्पादन मोरङ्ग जिल्लाको प्रमुख शहर विराटनगरमा मात्र सीमित नबनेर पूर्वाञ्चलका विभिन्न ठाउँमा समेत पुग्न थालेको पाइन्छ ।

**प्रेषक : लक्ष्मी बस्नेत**
आरआरएन, मोरङ्ग